ネパール語

# धेरै सोधिने प्रश्नहरू

## <माध्यामिक विधालय छान्ने>

Q1. प्रश्न१ निर्धारित समय प्रणाली वा दूर शिक्षा प्रणाली बाट माध्यामिक विधालय पास गर्दा, पुर्ण कालिन प्रणाली सरह योग्यता हुन्छ?

A1. माध्यामिक विधालय पास गरेको योग्यता, समान हुन्छ।

Q2. प्रश्न२ औधोगिक विषयको विश्व विधालय जानको लागी औधोगिक माध्यामिक विधालय जानु पर्छ?

A2. औधोगिक माध्यामिक विधालय नगइ पनि औधोगिक कलेज जान सकिन्छ। औधोगिक माध्यामिक विधालय वा व्यवसायीक माध्यामिक विधालय जानेहरु पास भएपछि काममा (पुर्ण कालिन रोजगार) मा लाग्ने मानिस बढि हुन्छन्।

Q3. प्रश्न३ माध्यामिक विधालय पास नगरेका मानिसहरूले पनि काममा (पुर्ण कालिन रोजगार) गर्न सक्छन्?

A3. निम्न माध्यामिक विधालय मात्र पास गरेकोहरुले, काममा (पुर्ण कालिन रोजगार) गर्न सकिने कम्पनी निकै कम छन्। प्राय सबै कामहरूमा माध्यामिक विधालय पास गरेको भन्दा माथिको योग्यता आवश्यक पर्दछ।

Q4. प्रश्न४ माध्यामिक विधालय छान्ने तरिका सिकाइ दिनुहोस्।

A4

・「आफ्नो भविष्यको लागी काम लाग्ने पढाइ हुन्छ कि」「आफ्नो शैक्षिक क्षमता सँग मिल्छ कि」「जापानी भाषा लगायतका सहयोगको प्रणाली तयार छ कि」आदि बारे बिचार गरेर, माध्यामिक विधालय छान्दा राम्रो हुन्छ।

・आफू भन्दा माथिल्लो कक्षाका सिनियरको कुरा सुनेर पनि बिचार गर्न सकिन्छ।

・आफूले जाँच दिने सम्भावना भएका माध्यामिक विधालयको जानकारी दिने कार्यक्रममा भाग लिएर, माध्यामिक विधालय हेरौं।

・आवेदन पत्र बुझाएपछि, छोटो अवधिमै आवेदन परिवर्तन（→प्रश्न७ हेर्नुहोस्）बारे निर्णय लिनु पर्ने हुँदा, ३ वटा जति माध्यामिक विधालय छानि राखौं।

Q5. प्रश्न५ विश्व विधालय जानको लागी कस्तो माध्यामिक विधालय जानु राम्रो हुन्छ?

A5. बजारमा बिक्री गरिने विश्व विधालयको जाँचबारेको गाइडबुक वा, माध्यामिक विधालयहरुको होम पेज हेरेर 「मुख्य जाने गरेका ठाउँ」त्यहाँका विधार्थीहरु कस्तो कलेजहरू जाने गर्छन् हेरेर बिचार गर्नुहोस्। सामान्यतया नाइसिनतेन(निमाविको अंक) धेरै हुने वा हेन्साचि (माध्यामिक विधालयको जाँचको औसत) धेरै भएका माध्यामिक विधालयका विधार्थीहरु विश्व विधालयमा धेरै जाने गर्छन्।

※नाइसिनतेन भन्नाले, निम्न माध्यामिक विधालयको प्राप्ताङ्कको कुल अंक हो। दोस्रो वर्षको १ विषयमा ५ अंक×९ विषय+तेस्रो वर्षको १ विषयको १० अंक×९बिषय हो।
सबै जोड्दा १३५ पूर्णाङ्क हुन्छ।

※हेन्साचि भन्नाले, माध्यामिक विधालयको जाँच दिने विधार्थी सबैको नतिजाको औसत अंक निकाली, बीचमा परेको व्यक्तिको हेन्साचिलाई ५० मानेर हिसाब निकालिन्छ।
माध्यामिक विधालय अनुसार हेन्साचि फरक हुन्छ। सबैभन्दा हेन्साचि धेरै हुने माध्यामिक विधालय ७०को लाइनमा हुन्छ।

Q6. प्रश्न६ निम्न माध्यामिक विधालयको नतिजा राम्रो छैन। तैपनि माध्यामिक विधालय जान सकिन्छ?

A6.

・नाइसिनतेनको अंक हेरेर जान सकिने माध्यामिक विधालय कस्तो हो अडकल गर्नुस्। नाइसिनतेन नपुगेका

व्यक्तिको हकमा पढाइको जाँच र अन्तर्वार्तामा राम्रो अंक ल्याउनु पर्छ।

• प्रान्तीय निवासी विशेष आवेदनको प्राय सबै माध्यामिक विधालयमा निमाविको नतिजा (निमाविको पत्र र नतिजा) लाई पास फेलको निर्णय गर्न प्रयोग गरिँदैन।

• क्रियटिभ स्कूल भन्ने, पढाइको नतिजा नहेर्ने माध्यामिक विधालय पनि छन्।

• दोस्रो पल्टको आवेदन वा, निश्चित प्रणालीको माध्यामिक विधालयको जाँच दिन पनि पहिलेनै बिचार गरौं

Q7. प्रश्न७ जान इच्छा गरेको ठाउँ परिवर्तन कस्तो बेला गर्न सकिन्छ?

A7. जान इच्छा गरेको ठाउँ परिवर्तन, आवेदन दिए पछि, पत्रिकामा छापिएको 「जान इच्छा गरेको अवस्था」 हेरेर, 「खुला संख्या」 र 「आवेदक संख्या」 हेरेर, आफ्नो क्षमता सँग सन्तुलित छ छैन बिचार गरेर जान इच्छा गरेको ठाउँ परिवर्तन गर्ने नगर्ने निर्णय गर्नुहोस्। निर्णय गर्दा अभिभावक तथा सहयोग कर्ता, निमाविको शिक्षकहरू सँग राम्ररी सल्लाह गर्नुहोस्। पत्रिकामा छापेपछि, जान इच्छा गरेको ठाउँ परिवर्तन गर्ने म्याद सम्म त्यति समय हुँदैन। त्यसैले परिवर्तन गर्ने मन छ भने आवेदन दिनु अगावै बिचार तयार गर्न आवश्यक छ।

Q8. प्रश्न८ जान इच्छा गरेको ठाउँ परिवर्तन गर्नको लागी के गर्नु पर्छ?

A8. जान इच्छा गरेको ठाउँ परिवर्तन गर्नको लागी, अभिभावक बाट निम्न माध्यामिक विधालयको शिक्षकलाई भन्नु पर्दछ। जान इच्छा गरेको ठाउँ परिवर्तन गर्ने सम्भावना छ भने, त्रिपक्षिय अन्तर्वार्ताको बेला, अनिवार्य रूपमा निमाविको कक्षा शिक्षकलाई भनौं।

Q9. प्रश्न९ निमाविको शिक्षकले निजी माध्यामिक विधालयको जाँच पनि सँगै दिनु भनेको छ। दुवै दिँदा ठीक होला?

A9.

• जसरी पनि जान मन लागेको माध्यामिक विधालय छ, तर पास हुन गार्हो छ भने निजी पनि सँगै दिने बिचार गर्दा हुन्छ। तर, निजीमा पास भयो तर सार्वजनिक मा फेल भयो भने निजी मा जाने पर्ने हुन्छ। साथै, निजीमा पैसा पनि लाग्छ। पढाइको लागी सहयोग रकम दिने नियम अनुसार कक्षा शुल्क सस्तो भएपनि त्यस बाहेक पैसा लाग्ने ठाउँ धेरै हुने हुँदा बिचार गर्नुहोला।

・दुवै सँगै नदिए पनि, सार्वजनिक विधालयको दोस्रो आवेदन खुला पनि हुन्छ, साथै निर्धारित समय प्रणालीमा पनि जाँच दिन सकिन्छ। दुवै सँगै जाँच दिने नदिने बारे अभिभावक सँग राम्ररी सल्लाह गर्नुहोस्।

## <विशेष आवेदन>

Q10. प्रश्न११ आफ्नो योग्यता प्रान्तीय निवासी विशेष आवेदन दिन मिल्छकि मिल्दैन बुझिएन।

A10. गाइडबुक को ५ पेजमा आवेदन दिने योग्यता छ त्यो हेर्नुहोस्। त्यस बाट बुझिएन भने, कानागावा प्रान्तीय शिक्षा परिषद् मा सम्पर्क गर्नुहोस्।

Q11. प्रश्न१२ विदेशमा २ वर्ष बढि गएको, बाबु आमा जापानमा हुनुहुन्छ, विदेशमा पढेर आएको विशेष आवेदनमा जाँच दिन मिल्छ?

A11. विदेशमा पढेर आएको विशेष आवेदन, अभिभावक काम आदिको कारणले विदेशमा रहेको बेला, बाबु आमा सँगै विदेशमा जीवन यापन गरेका व्यक्ति लक्षित हो, विधार्थी एक्लै विदेश गएर पढेमा त्यो विदेश पढाइ मात्र हुन्छ, विदेशमा पढेर आएको विशेष आवेदनमा सामेल हुँदैन। तर विशेष कारण बस विधार्थी एक्लै विदेशमा पढ्नु पर्ने बाध्यात्मक अवस्था थियो भने, कानागावा प्रान्तीय शिक्षा परिषदमा सम्पर्क गर्नुहोस्।

Q12. प्रश्न१३ पासपोर्ट हराएको बेला, पुरानो पासपोर्ट पनि साथमा नभएको बेला, साथै पासपोर्टमा अध्यागमनको छाप नभएको बेला के गर्नु पर्छ?

A12. जापानको कानुन मन्त्रालयले जारी गरेको 「अध्यागमन रेकर्ड」आवश्यक पर्दछ। कानुन मन्त्रालयको होम पेज बाट आवेदन दिएर हुलाक मार्फत प्राप्त गर्न सकिनेछ। तर, १ महिना जति समय लाग्ने हुँदा, छिटै आवेदन दिनुहोला।

## <बीचमा कक्षा छिर्न>

Q13. प्रश्न१४ विदेशको माध्यामिक विधालयको प्रथम वर्ष सकेर जापानमा आएको अवस्थामा, माध्यामिक विधालयमा छिर्न सकिन्छ?

A13. विदेशको माध्यामिक विधालयको प्रथम वर्ष बराबर सकेर जापानमा आएको अवस्थामा, माध्यामिक विधालयमा छिर्न सकिन्छ तर, त्यस्तो विधालय र समय तोकिएको छ। साथै, जापानी

भाषा कमजोर भए पनि भाषागत सहयोग नपाउने, प्रथम वर्षमा पढ्नै पर्ने कुरा छुट्ने, हुँदा, गाइडबुकको १९ पेज मा भएको <बीचमा कक्षा छिर्ने सूचना केन्द्र>मा राम्रोसँग सल्लाह गर्नुहोला।

## <अन्य>

Q14. प्रश्न१५ पढ्ने तरिका बुझिएन। सिकाइ दिनुहोस्।

A14. एक्लै पढ्न गार्हो पर्ने व्यक्ति वा, ट्युसन पढ्न नसक्ने अवस्थामा स्थानीय क्षेत्रमा पढ्न सहयोगी कक्षा हुन्छन्। प्राय निःशुल्क पढाउने ठाउँ हुन्छ। डकुमेन्टमा 「पढ्न सहयोग गर्ने कक्षा सूची」 समेटिएको छ हेर्नुहोला।

Q15. प्रश्न१६ अतिरिक्त कृयाकलाप गरेमा अन्तर्वार्तामा काम लाग्छ?

A15. निमावि को बेला अतिरिक्त कृयाकलाप गरेर 「प्रान्तीय प्रतियोगितामा भाग लिएको」 वा 「पुरस्कृत भएको」 जस्ता कुराहरू गर्दैमा यसले मात्र अन्तर्वार्तामा काम लाग्ने भन्ने हुन्न। अन्तर्वार्तामा, अतिरिक्त कृयाकलापमा कसरी आफूले मेहनत गरेको हो भन्ने बारे विस्तृत रूपमा भन्ने कुरा महत्व पुर्ण हुन्छ।

Q16. प्रश्न१७ अग्रजी भाषामा पढाइने माध्यामिक विधालय बारे जान्न चाहन्छु।

A16. कानागावा प्रान्तीय सार्वजनिक माध्यामिक विधालयमा, सम्पूर्ण विषय अग्रेजीमा सिकाउने विधालय छैन। तर, केही ठाउँमा अंग्रेजीमा जोड दिएको माध्यामिक विधालयहरु छन्।